"रुरुक्षेत्र समृद्धिको आधार : कृषि, पर्यटन र स्वरोजगार"

# रुरुक्षेत्र गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

स्थानीय सरकार जनताको प्रत्यक्ष सरोकार राख्ने र जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहेको हुँदा रुरुक्षेत्र गाउँपालिकाले संविधानको मूल मर्म समन्वय, सहकार्यर सहअस्तित्वलाई आत्मसात गर्दै नागरिकलाई केन्द्रमा राखी विभिन्न क्षेत्रमा कार्य गरिरहेको छ ।रुरुक्षेत्र गाउँपालिकाले जनतालाई केन्द्रमा राखी नीति तथा कार्यक्रमहरु संचालन गर्दै उत्कृष्ट स्थानीय सरकारको रुपमा आफूलाई अब्बल सावित गरेको विदितै छ । सिंहदरबारको अधिकार गाउँमा भन्ने महान अभियानको लागि सहादत हुनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै सम्मानीत गाउँसभाको १६ औ अधिवेशनको पहिलो बैठकमा आ.व. ०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई गर्वको अनुभूती भएको छ ।

हाल देशमा उत्पन्न आर्थिक शिथिलताले समग्र देशको अर्थतन्त्रलाई गम्भिर असर पारेको हुँदा हरेक क्षेत्रमा अर्थतन्त्रको प्रभाव परिरहेको अवस्था विद्यमान रहेको छ । नागरिकहरुको असिमित अपेक्षाहरुलाई पुरा गर्न गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको सिमित बजेटको परिधिमा रही नागरिकको वृहत्तर हितको लागि आफ्नो स्रोत साधनलाई अधिकतम परिचालन गर्ने गरी वस्तुपरक नीति तथा कार्यक्रमहरु तर्जुमा गरेका छौं । हामीले विगतका वर्षहरुमा असारमा हतारमा नीति तथा कार्यक्रम ल्याउने र बजेट निर्माण गर्दा वस्तुपरक हुन नसकेको अनुभूत गरी यो वर्ष बैशाखमै नीति तथा कार्यक्रम तर्जुमा गर्ने जमर्को गरेका छौं । नीति तथा कार्यक्रमको लागि २०८१ बैशाख २४ गते देखि गाउँपालिका सबै वडाहरुका जनताहरुसँग पुगी विभिन्न विद्धत वर्ग, व्यवसायी,संचारकर्मी,राजनीतिक दल, नागरिक समाज, शिक्षक कर्मचारी विभिन्न संघ संस्था, पूर्व जनप्रतिनिधि एवं राष्ट्रसेवक कर्मचारी लगायत गाउँपालिकाका विभिन्न महानुभावहरुबाट प्राप्त सुझाव तथा हामीले तयार गरेको अनलाईन माध्यम मार्फत प्राप्त महत्वपूर्ण राय सुझाव समेतलाई मध्यनजर गर्दै पूर्वाधार निर्माण, सुशासन, स्वास्थ्य, शिक्षा, कृषि, रोजगारी, विपद् व्यवस्थापन लगायतका क्षेत्रहरुलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।नीति तथा कार्यक्रमको लागि आफ्नो महत्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । नीति तथा कार्यक्रम तय गर्दा विगतका वर्षहरुको अनुभव, विभिन्न महानुभावहरुले दिनुभएको अमूल्य राय सुझाव,दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको सिफारिस समेतलाई आधार लिईएको छ। नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुहुने सम्पूर्णजनप्रतिनिधिएवं राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

सम्मानीत यस सभामा पेश हुने नीति तथा कार्यक्रममा व्यापक छलफल गरी वस्तुपरक नीति तथा कार्यक्रम पारित हुने अपेक्षा गर्दै आ.व.०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।

## विद्यमान परिवेशः

### राजनीतिक:

गुल्मी जिल्लाको ऐतिहासिक तथा धार्मिकस्थल रुरुक्षेत्र नेपालका प्रशिद्ध चारधाम मुक्तिक्षेत्र , रुरुक्षेत्र , पाशुपतक्षेत्र र वराहक्षेत्र मध्येको रुरुक्षेत्र धाम यसै गाउँपालिकामा रहेको र त्यसैको नामबाट हाम्रो यस गाउँपालिकाको नामाकरण भएको छ । लुम्बिनी प्रदेशको गुल्मी जिल्लामा अवस्थित रुरुक्षेत्र गाउँपालिकामा साविकका ६ वटा गा.वि.स. (रुरु,ग्वादी,थानपती, बलेटक्सार, बम्घा र रिमुवा) लाई ६ वडामा विभाजन गरिएको छ । यस गाउँपालिकामा प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र नं. १ (क) र १ (ख) दुवै निर्वाचन क्षेत्र रहेका छन् । यो गाउँपालिका २७°५९' ३२.९३" अक्षान्स तथा ८३°२३' १३.६४" देशान्तरमा रहेको छ । गाउँपालिकाको सबैभन्दा होंचोभाग रिडीबजार समुद्र सतह देखि ५०० मिटर र सबैभन्दा अग्लो भाग बम्घाकोट १६३८ मिटर उचाइमा रहेका छन् । जम्मा क्षेत्रफल ६७.३८ वर्ग कि.मी. रहेको यो गाउँपालिका गुल्मी जिल्लाका १२ वटा स्थानीय सरकारमध्ये क्षेत्रफलको हिसाबले सबैभन्दा सानो गाउँपालिका अन्तर्गत पर्दछ । गाउँपालिकाको केन्द्र रहेको स्थान घिउबेसीमा आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाह गरिरहेको छ ।

यस गाउँपालिकाको पूर्वमा सत्यवती गाउँपालिका र स्याङ्जा जिल्लाको कालीगण्डकी गाउँपालिका,पश्चिममा छत्रकोट गाउँपालिका, उत्तरमा सत्यवती गाउँपालिका र दक्षिणमा पाल्पा जिल्लाको तानसेन नगरपालिका पर्दछन् ।

## विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौती

### विद्यमान अवसरहरु

- संविधानमा स्थानीय सरकारका अधिकारहरु तथा साझा अधिकारहरुको व्यवस्था हुनु,
- स्थानीय सरकार संचालन ऐनले स्थानीय सरकारको कार्यहरुलाई व्यवस्थित गरिनु,
- स्थानीय सरकारले आफ्ना अधिकारका विषयमा ऐन कानून तर्जुमा गर्न सक्नु,
- ऐतिहासिक तथा धार्मिक पर्यटकीयस्थलहरु भएकोले धार्मिक पर्यटनलाई टेवा पुऱ्याउन सकिने,
- पवित्र रुरुक्षेत्र धाम यसै गाउँपालिकामा रहेको र जिल्ला प्रवेशद्धार समेत रहेको हुँदा पर्यटकीय क्षेत्रको सम्भावना,
- एशियाकै नमूना तीनमुखे पुल, सालिग्रामहरु भएको पवित्र कालिगण्डकी नदी रहेको,
- कालीगण्डकी करिडोर, मदनभण्डारी राजमार्ग र रिडी-बल्कोट-सुर्खेत सडक जस्ता राष्ट्रिय सडक सन्जालले छोएको,
- दुध,माछा, मासु,तरकारी, मकै, धान,उखु, लिचीर सुन्तला जातको फलफूल उत्पादनमा आत्मनिर्भर हुने सम्भावना रहेको,
- विभिन्न जातजातिहरुको बसोबास स्थल रहेको हुँदा विविध कला संस्कृतिहरुले भरिपूर्ण हुनु,
- कालिगण्डकी र रिडी खोलामा बोटिङ्ग तथा ऱ्याफ्टिङ्गको सम्भावना भएको।
- गाउँपालिकाका सबै वडामा बाह्रै महिना संचालन हुने सडक पूर्वाधारको पहुँच रहेको,

## विद्यमान चूनौतिहरु

- कृषिमा प्रचुर संभावना रहेको हुँदा त्यसलाई सही सदुपयोग गर्नु,
- विपद् व्यवस्थापनका कार्यहरु प्रभावकारी रुपमा संचालन गर्नु,
- गुणस्तरीय स्वास्थ्य र शिक्षा प्रदान गर्नु,
- रोजगारी सृजना गर्दै बढ्दो बसाईसराईलाई न्यूनीकरण गर्नु,
- गाउँपालिकाको भौगोलिक विकटता र छरिएर रहेको वस्ती हुनु,
- प्रविधि प्रयोग गरी सेवा उपलब्ध गराउन नागरिकमा प्रविधिको प्रयोगमा पहुँचमा कमीहुनु,
- नागरिकको अपेक्षा अनुसार कार्य गर्न पर्याप्त बजेट नहुनु,
- बजेटको लागि संघ र प्रदेश सरकारमा निर्भर हुनुपर्ने,
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने न्यून समानीकरण अनुदान।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

१. नेपालको संविधान तथा संविधानले प्रत्याभूत गरेको मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरुलाई प्राथमिकतामा राखिएको,
२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
३. पन्ध्रौ पञ्चवर्षिय योजनाले तय गरेका लक्ष्य तथा उद्देश्यहरुलाई आधार लिएको,
४. दिगो विकासको लक्ष्य२०३० को मार्गचित्रलाईआत्मसात् गर्दै स्थानीयकरण गरिएको,
५. गाउँपालिकाको आवधिक योजना दस्तावेजलाई आधार लिएको,
६. मध्यमकालिन खर्च संरचनाको मर्मलाई आत्मसात् गरिएको,
७. राष्ट्रिय, प्रदेश र स्थानीय नीति योजना र लक्ष्यहरुलाई आत्मसात् गरिएको,
८. स्थानीय सरकारको हालसम्मको अनुभव तथा सिकाईलाई आत्मसात् गरिएको,
९. स्थानीय आवश्यकताको विश्लेषण गरिएको,
१०. विभिन्न विद्वत वर्गहरुको राय सुझावलाई ग्रहण गरिएको,

## चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण

<u>भौतिक उपलब्धी</u>

१. गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरी एकीकृत सेवा प्रवाह गर्ने व्यवस्था मिलाईएको ।

२. १ नं. वडा कार्यालय भवन तथा बम्घा स्वास्थ्य चौकी भवनमा तला थप सम्बन्धी कार्य सम्पन्न गरि नागरिकमैत्री कार्यालय निर्माण गरिएको ।

३. बलेटक्सार रिङरोड कालोपत्रे, सालबिसौना-पानीटंकी सडक कालोपत्रे,फलाटे -स्यालपोखरी सडक कालोपत्रे, धोविघाट-काउले सडक कालोपत्रे, रानीबास-टाहाटिम-उल्लीखोला-मोटरबाटोकालोपत्रे तथा स्तरोन्नती, चौतारा-नेटा-लोक्मा-देउराली मोटरबाटो स्तरोन्नती, चौतारा- सिंदुरे-कफी अनुसन्धान-ग्वादी जाने बाटो स्तरोन्नतीलगायत विभिन्न मोटरबाटोहरुको स्तरोन्नतीको कार्य गरिएको ।

४. बर्षाद्को समयमा अवरुद्ध हुने सडकहरुमा आवश्यकतानुसार ढलानको काम गरी सडकलाई नियमित सञ्चालन हुने व्यवस्था मिलाइएको ।

५. सिंदुरे बांस्टारी सिंचाई योजना लगायत विभिन्न सिंचाई योजनाहरु सम्पन्न गरिएको ।

६. निर्माण अवरुद्ध भएको कोल्डस्टोरको निर्माणलाई प्राथमिकता दिई कार्य भैरहेको ।

७. गाउँपालिकाकाको वडा नं. १ मा १५ शैयाको भवन निर्माण कार्य भैरहेको ।

८. पवित्र धार्मिक स्थल रिडीमा अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका र रुरुक्षेत्र गाउँपालिकाको संयुक्त लगानीमा मलामीहरुको लागि आश्रय स्थल निर्माण भैरहेको ।

९. भरतपुर महानगरपालिका र रुरुक्षेत्र गाउँपालिकाको लागत साझेदारीमा श्रृङ्गेश्वर तपोभूमिमा पुर्बाधार निर्माण सम्बन्धी कार्य भैरहेको ।

१०. रुरुक्षेत्र गाउँपालिका र सत्यवती गाउँपालिका जोड्ने छम्दी झो.पु. निर्माण तथा सञ्चालन, गोलपोखरी चौर झो.पु. निर्माण सम्पन्न हुने चरणमा रहेको।

११. एकघर एकधारा अभियान अन्तर्गत गाउँपालिकाको WASH योजना निर्माणको साथै रुरुक्षेत्र बृहत खानेपानी योजना निर्माण सम्बन्धी कार्य भैरहेको ।

१२. गाउँपालिकास्तरीय खेल मैदान, औधोगिक ग्राम, धार्मिक तथा पर्यटकीय स्थलहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको ।

१३. गाउँपालिकामा उद्योगहरु स्थापना गर्न औधोगीकग्राम निर्माणको लागि प्रकृया अगाडि बढाईएको ।

**आर्थिक तथा सामाजिक उपलब्धी**

१. गाउँपालिकामा बसोबास गर्ने नागरिकहरुको शान्ति सुरक्षा, अमनचयन कायम राख्न तथा अपराध अनुसन्धान प्रभावकारी बनाउन रानीबासमा रुरु प्रहरी चौकी मिति २०८०।०९।२२ गते देखि स्थापना गरिएको ।

२. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न, सेवा प्रवाहलाई प्रभावकारी बनाउन, बजार अनुगमनलाई व्यवस्थित गराउने लगायतका विभिन्न कार्यमा सहयोग गर्न नगर प्रहरी नियुक्ती गरी कामकाजमा खटाईएको ।

३. गाउँपालिकामा विपद्को घटनामा परेका नागरिक र उपचार लगायतको कार्यको लागि अत्यन्त आर्थिक अवस्था कमजोर भएका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराई नागरिकप्रति संवेदनशिल भएको ।

४. नागरिकको स्वास्थ्यमा ख्याल गर्दै डा. सहितको सेवा प्रत्येक स्वास्थ्य चौकीमा उपलब्ध गराउनुको साथै जेष्ठ नागरिकहरुलाई घरघरमा स्वास्थ्य सेवा उपलब्ध गराईएको ।

५. स्थानीय तह स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सन्चालन गरी १०४ पिन्ट रगत संकलन गरिएको ।

६. प्रसुती भएका महिला तथा असहाय, 'क' वर्गका अपाङ्गता भएका नागरिकहरुको उपचारका लागि निशुल्क एम्बुलेन्सको व्यवस्था मिलाईएको ।

७. गाउँपालिकामा थप एक एम्बुलेन्स खरिद गरी सञ्चालन गरिएको ।

८. नागरिकको स्वास्थ्यमा संवेदनशील बन्दै उपचारको लागि निशुल्क रगत तथा मोतियाविन्दुको निशुल्क शल्यक्रियाको व्यवस्था गर्दैं गाउँपालिकामा प्राथमिक आँखा उपचार केन्द्रको स्थापना गर्न आवश्यक व्यवस्था मिलाईएको ।

९. कृषि र पशुपालनमा आत्मनिर्भर गाउँपालिका निर्माणको लागि रु ३ करोडको लागतमा रुरु कृषि परियोजना संचालन गरिएको।

१०. गाई/भैंसी पालक कृषकहरुका गाई/भैंसी उन्नत नश्ल वृद्धिको लागि नि:शुल्क रुपमा कृत्रिम गर्भाधानको व्यवस्था मिलाइएको ।

११. गाउँपालिकाका कृषकहरुलाई आधुनिक र प्रविधिमैत्री कृषिमा आकर्षित गर्नको लागि कृषकको आवश्यकताका आधारमा कृषि यन्त्र तथा प्रविधिहरु वितरण गरिएको ।

१२. रेबिज रोगको रोकथाम र सामुदायिक कुकुरको नियन्त्रणकोलागि कुकुर बन्ध्याकरण तथा रेबिज खोप लगाउने कार्य गरिएको ।

१३. गरिबीको रेखामुनी रहेका नागरिकलाई उद्यमशील बनाई उनीहरुको आयआर्जन वृद्धि गर्नको लागि गरिबी निवारणको लागि उद्यम विकास कार्यक्रम संचालन गरिएको।

१४. कक्षा १ देखि ५ कक्षासम्म **रुरुक्षेत्र : कृषि, पर्यटन र संस्कृति विषय**को स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागु गरिएको ।

१५. गाउँपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरुमा शैक्षिक गुणस्तरलाई वृद्धि गरी प्रविधिमैत्री शैक्षिक कृयाकलाप संचालन गर्न स्मार्ट शिक्षण विधि लागू गरिएको जसले गर्दा विद्यार्थीहरुमा सिकाई कृयाकलापमा राम्रो प्रभाव पारेको देखिन्छ ।

१६. गाउँपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा राज्यबाट प्राप्त सेवा सुविधाबाट बन्चित हुन नपरोस भन्ने उद्देश्यले अपाङ्गता भएका नागरिकको घरमा गई अपाङ्गता परिचय पत्र र आवश्यक सहायता सामाग्रीहरु वितरण गर्ने कार्य सुरुवात गरिएको ।

१७. स्थानीय विकास प्रक्रियामा टोल तथा बस्तीस्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी सबै वडामा बढीमा ४ वटा सम्म टोल विकास संस्था गठन गरि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।

१८. गाउँपालिकाको कलासंस्कृतिलाई संरक्षण तथा जर्गेना गर्न र गाउँपालिकाको पर्यटनलाई टेवा पुर्याउने उद्देश्यले प्रथम लुम्बिनी प्रदेशस्तरीय लाखे महोत्सव संचालन गरिएको ।

१९. खेलाडीहरुलाई उत्प्रेरित गराउन जिल्ला भलिवल संघ गुल्मीले आयोजना गरेको जिल्लास्तीय भलिवल खेल तथा विभिन्न पालिकाले संचालन गरेको अन्तरपालिकास्तरीय भलिवल खेल, पालिकास्तरीय क्रिकेट प्रतियोगितामा सहभागि तथा प्रथम अध्यक्षकप ब्याडमिन्टन प्रतियोगिता जस्ता खेलकुद कार्यक्रमहरु संचालन गरिएको ।

२०. धार्मिक पर्यटनलाई प्रबर्द्धन गर्न रिडीमा रहेको कालीगण्डकी नदीमा गंगा आरती सन्चालन गरिएको ।

**वातावरणीय उपलब्धी**

१. गाउँपालिकामा हरियाली र स्वच्छ वातावरण कायम राख्नको लागि वन संरक्षण तथाबर पिपलका बिरुवाहरु रोपण गर्ने कार्यक्रम संचालन गरिएको ।

२. गाउँपालिकामा ठूला योजनाहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाईएको ।

३. प्रत्येक वडामा खानेपानी मुहान संरक्षणको लागि पुनर्भरण पोखरीहरु निर्माण गरिएको।

४. सफा रहौं स्वस्थ बनौं भन्ने मुख्य उद्देश्यले नागरिक सहभागितामा मिति २०८०।०७।०१ गते नेपाल सरकारका पूर्व मुख्य सचिव एवं वागमती सरसफाई अभियानमा अभियान्ता लिलामणी पौड्यालज्यूको नेतृत्वमा बलेटक्सार रानीबासमा वृहत सरसफाई कार्यक्रम संचालन गरिएको ।

संस्थागत उपलब्धी

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजामा ९३.२५ % अंक प्राप्त गरी लुम्बिनी प्रदेशबाट चौथो स्थानमा र नेपालभरबाट १६ औं स्थानमा रहेको ।

२. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजामा ९५.५ % अंक प्राप्त गरीलुम्बिनी प्रदेशबाट प्रथम स्थानमा र नेपालभरबाट चौथो स्थानमा रहेको ।

३. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीहरुको कार्य सम्पादनको आधारमा प्रोत्साहनको व्यवस्था मिलाएको ।

४. नागरिकलाई प्रभावकारी सेवा प्रवाह उपलब्ध गराउन रिक्त रहेका विभिन्न पदहरुमा करार सेवाबाट पदपूर्ति गरि स्थानीय रोजगारी सृजना गरिएको ।

५. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सेवा प्रवाह, विपद व्यवस्थापन, बजार अनुगमन, सार्वजनिक सम्पत्ती संरक्षण, ट्राफिक व्यवस्थापन लगायतका कार्यको लागि नगर प्रहरीको व्यवस्था मिलाईएको ।

६. नागरिकको सुविधालाई मध्यनजर गरी वडास्तरमा विभिन्न ९ वटा सेवाहरु सहित एकीकृत घुम्ति सेवा कार्यक्रम संचालन गरिएको ।

७. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ संस्था र विद्यालयहरुमा विद्युत्तिय हाजिरीको व्यवस्था गरी हाजिरीलाई अनलाईन सर्भरमा स्टोरेज तथा अनलाईबाट अनुगमन गर्ने व्यवस्था मिलाउँदै कागजी हाजिरीलाई पूर्ण रुपमा विस्थापित गरिएको ।

८. गाउँपालिकाको गतिविधिहरुलाई सबै नागरिकहरु समक्ष पुऱ्याउनको लागि डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र, सामाजिक सञ्जाल र वेवसाइटमा सार्वजनिक गर्ने गरिएको।

९. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरु नागरिकलाई सु-सूचित गरी जनउत्तरदायी सरकार बनाउन र जवाफदेहीता कायम गर्न प्रत्येक चौमासिकमा प्रगती समीक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको।

१०. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्व संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाईएको जसले राजश्व संकलनमा पारदर्शीता कायम गरी दैनिक राजश्वको अभिलेखिकरण गर्ने कार्य गरिएको।

११. गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयहरुबाट भएका कार्यहरुको मासिक रुपमा समिक्षा गर्ने व्यवस्था मिलाइएको।

१२. कार्यालयको आन्तरिक व्यवस्थापन सम्बन्धीका कार्यहरु सम्पन्न गरिएको । जस अन्तर्गत शाखाहरुको विवरण, सबै कार्यकक्षमा CCTV क्यामरा जडान, सेवा प्रवाह सम्बन्धीका विभिन्न नाराहरुको भित्ते लेखन, सबै शाखाहरुमा टेलिफोन सेवा सहितको इन्टरकम जडान गर्ने कार्य गरिएको ।

१३. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिने विभिन्न सेवाहरुको बारेमा कार्यालयमा डिजिटल नागरिक वडापत्र संचालनमा ल्याईएको । जसमा सूचना, कर्मचारी तथा जनप्रतिनिधिको फोटो सहितको विवरण, विभिन्न समाचार, प्रगती प्रतिवेदन, कर्मचारीको उपस्थिति विवरण लगायतका विवरण समावेश गरिएको ।

१४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल र जिल्ला प्रशासन कार्यालय गुल्मीसँग समन्वय गरी जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिएको ।

१५. गाउँपालिकाको सबै जनप्रतिनिधि, कर्मचारीहरुलाई सूचना प्रवाह गर्न तथा गाउँपालिकाको सबै घरधुरीमा SMS मार्फत सूचना प्रवाहको लागि नेपाल दुरसंचार प्राधिकरणसँग सम्झौता गरी RURU_ALERT नामक SMS प्रणाली संचालनमा ल्याई नागरिकलाई गाउँपालिकाको तर्फबाट विभिन्न सूचनाहरु सम्प्रेषण गरिएको ।

१६. नागरिकहरुको गुनासो सुनुवाइ र सहज रुपमा गुनासो गर्न **रुरुक्षेत्र गुनासो सुनुवाइ प्रणाली** संचालनमा ल्याईएको **०७९४१००१५** मा फोन गरि २४ सैं घण्टा गुनासो रेकर्ड गराउन सकिने व्यवस्था मिलाईएको ।

१७. कार्यालयमा आउने नागरिकहरुको सुविधाको लागि प्रतिक्षालय, शुद्ध पिउने पानीको व्यवस्था र नागरिक सहायता कक्ष संचालन गरिएको ।

१८. नागरिकमैत्री र प्रविधिमैत्री कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाईएको।

**नीति तथा कार्यक्रमको मुख्य उद्देश्य**

१. सबै घरपरिवारलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाउन **एक घर एक धारा** को नीति लिई कार्य सम्पन्न गर्ने।
२. कृषि तथा पशुपालन परियोजना संचालन गरी नागरिकको जीवनस्तरमा परिवर्तन गर्ने।
३. स्थानीयस्तरमै नागरिकको लागि रोजगारीका अवसरहरु सृजना गर्ने,
४. भ्रष्ट्राचारमा शून्यसहनशिलताको नीति अवलम्बन गर्दै नागरिकमैत्री सेवा प्रवाह प्रदान गर्ने।
५. सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र नागरिकले अनुभूती गर्ने गरी गुणस्तरयुक्त सेवा प्रवाहको लागि सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै स्मार्ट गाउँपालिका बनाउने।
६. गाउँपालिका तथा वडाको मुख्य सडक र सहायक सडकहरुलाई स्तरोन्नती गरी बाह्रै महिना सवारी चल्ने व्यवस्था गर्ने।
७. गाउँपालिकामा सडक, पर्यटन पूर्वाधार लगायतका अन्य भौतिक पूर्वाधारको निर्माण गर्ने।
८. सवल, सक्षम र उत्थानशील स्थानीय सरकार निर्माण गर्ने।
९. सामाजिक समावेशीकरणको नीति अवलम्बन गर्दै विकासको मूल प्रवाहमा सबैक्षेत्रलाई समावेश गर्ने।
१०. गाउँपालिकाका सबै नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।
११. शिक्षण सिकाइमा आधुनिक प्रविधिको प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
१२. फोहरमैला व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाउने ।
१३. वातावरणमैत्री स्वच्छ र सुन्दर गाउँपालिका निर्माण गर्ने।
१४. पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन सहित रोजगारीमा वृद्धि गर्ने।

**आगामी आ.व. का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु**

- समृद्ध र समुन्नत स्थानीय सरकार निर्माण गर्ने,
- कृषि उत्पादन वृद्धि गरी बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाउने,
- गाउँपालिकाको भूमिलाई समुचित प्रयोगमा ल्याउने,
- नागरिकलाई सर्वसुलभ स्वास्थ्य उपचारको व्यवस्था मिलाउने,
- सर्वसुलभ र गुणस्तरीय शिक्षा प्रदान गर्ने,
- समग्ररुपमा समाजको आर्थिक विकास गर्न रोजगारीका अवसरहरु सृजना गर्ने,
- प्रभावकारी सेवा प्रवाह,सुशासन तथा संस्थागत विकास गर्ने,
- एकघर एक धारा अभियान अन्तर्गत घरघरमा खानेपानी पुर्‍याउने,
- गाउँपालिकाका सबै सडकहरुलाई स्तरोन्तनी गर्दै कालोपत्रे गर्ने,
- गाउँपालिकालाई धार्मिक पर्यटकीय दृष्टिकोणबाट उत्कृष्ट पर्यटन गन्तव्यको रुपमा विकास गर्ने,
- गाउँपालिकामा आवश्यक्तानुसार भौतिक संरचना निर्माण र पूर्वाधार विकास गर्ने,
- विपद् व्यवस्थापन,फोहर मैला व्यवस्थापन,वन तथा वातावरण संरक्षण गर्ने,
- कला संस्कृतिलाई परिस्कृत रुपमा संरक्षण गर्ने,

# आगामी आ.व. को प्रमुख नीति तथा कार्यक्रमहरु

## (क) सामाजिक विकास तर्फः

### (अ) स्वास्थ्य :

१. गाउँपालिकामा निर्माण भैरहेको १५ शैय्या अस्पतालको निर्माण कार्य सम्पन्न गरी आम नागरिकलाई सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईनेछ साथै आयुर्वेद औषधालयको भवन निर्माण कार्यलाई अगाडि बढाईनेछ ।

२. गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट नागरिकलाई सहज, सर्वसुभलर गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ ।

३. गाउँपालिकाका असहाय तथा आर्थिक रुपले विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि **निःशुल्क स्वास्थ्य बिमाको** व्यवस्था गरिनेछ।

४. गर्भवती महिलाको स्वास्थ्यलाई मध्यनजर गरी नियमित रुपमा स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाउँदै संस्थागत प्रसुतीलाई प्रेरित गर्दै प्रसुतीको लागि गाउँपालिकाको स्वास्थ्य संस्थामा आउन तथा स्वास्थ्य संस्थाबाट रिफर हुनुपर्ने अवस्थामा समेत पाल्पा बुटवल सम्म **निःशुल्क एम्बुलेन्सको व्यवस्था** गरिनेछ।

५. गाउँपालिकाका 'क' वर्गको अपाङ्गता भएका तथा असहाय र आर्थिक रुपमा विपन्न नागरिकहरुको लागि**निःशुल्क एम्बुलेन्सको व्यवस्था** मिलाईनेछ।

६. स्वस्थ र सुखी नागरिक बनाउन योग शिक्षा शिविर संचालन गर्न आवश्यक व्यवस्था मिलाई आयुर्वेद औषधीहरुको प्रयोगलाई बढवा दिन गाउँपालिकामा रहेका आयुर्वेद केन्द्रहरुलाई थप व्यवस्थित गरी संचालन गरिनेछ ।

७. जेष्ठ नागरिक, अपाङ्ग तथा अशक्त र विपन्न नागरिकहरुको **घरघरमा स्वास्थ्य परीक्षणको** व्यवस्था मिलाईनेछ।

८. महिला स्वास्थ्य स्वयंमसेविका र स्वास्थ्य आमा समूहहरुलाई उत्प्रेरित बनाई समुदायमा परिचालन गरी विभिन्न स्वास्थ्य सचेतनाका कार्यक्रम संचालन गरिनेछ।

९. हरेक स्वास्थ्य संस्थामा पोषण कर्नरको व्यवस्था गर्दै पोषिलो खानेकुराको प्रदर्शन तथा उपभोगवृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने नीतिअवलम्बन गरिनेछ।

१०. महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीलाईपरिचालन गरी गर्भवती जाँच एंव पूर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई थप प्रभावकारी बनाइनेछ।

११. बर्थिङ्ग सेन्टरमा **२४ सैं घण्टा प्रसुती सेवा** उपलब्ध गराइनेछ, प्रसुती सेवामा संलग्न नर्सिङ्ग कर्मचारीलाई **आवश्यक प्रोत्साहनको व्यवस्था** मिलाईनेछ।

१२. स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिई स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गर्दै उत्कृष्टसरसफाइ गर्ने संस्था तथा कर्मचारीहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ।

१३. आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निःशुल्क औषधिहरुकोउपलब्धतालाई सुनिश्चित गरिनेछ।

१४. गाउँपालिकाका नागरिकहरुको स्वास्थ्यलाई विशेष ध्यान दिंदै प्रत्येक महिना सबै स्वास्थ्य संस्थाहरुमा डा. सहितको शिविर संचालन गरिनेछ ।

१५. प्राकृतिक प्रकोप, विपद् पूर्व तयारी तथा महामारी नियन्त्रणः भैपरी आउनसक्ने प्राकृतिक प्रकोप तथा विपद्मा देखिन सक्ने जनस्वास्थ्यका समस्याहरुलाई समाधान गर्न हरेक वडामा न्यापिड रेस्पोन्स टिम (RRT) लाई परिचालन गरिनेछ ।

१६. महिला सामुदायिक स्वास्थ्य स्वंमसेविकाहरुको क्षमता अभिबृद्धिको लागि विभिन्न क्रियाकलाप संचालन गर्ने,राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने साथै महिला सामुदायिक स्वास्थ्य स्वंमसेविकाहरुको लागि कल्याणकारी कोषलाई निरन्तरता दिईनेछ ।

१७. गर्भवती तथा सुत्केरीहरुलाई निशुल्क क्याल्सियम चक्की उपलब्ध गराउनुका साथै गर्भवतीहरुको लागि अनिवार्य गर्नु पर्ने रगत तथा पिसाव जांच निशुल्क गर्ने व्यवस्था मिलाइनेछ ।

१८. मानसिक स्वास्थ्य समस्यालाई कम गर्न बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१९. पोषण, प्रजनन् स्वास्थ्य लगायत अन्य स्वास्थ्य सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा कक्षाहरु सबै बिद्यालयमा संचालन गर्दै बर्षको १ पटक सबै विद्यालयमा पुगी विद्यार्थीको स्वास्थ्य परिक्षण गर्नेव्यवस्था मिलाइने छ ।

२०. एच.आई.भी.संक्रमणलाई न्यूनीकरण गर्न तथा संक्रमितहरुलाई पोषण,शिक्षामा सहयोग तथा सिपमुलक तालिमको लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

२१. पूर्ण खोप वडा/गाउँपालिका,पोषणमैत्री स्वास्थ्य संस्था/ पोषणमैत्री स्थानीय शासन/तह तथा पूर्ण संस्थागत प्रसुती वडा/पालिका घोषणा गर्ने र घोषणा भैसकेकोलाई सुनिश्चितता गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

२२. गाउँपालिकाको रिडीमा रहेको प्राथमिक आँखा उपचार केन्द्रलाई थप व्यवस्थित गरि विभिन्न वडामा आँखा जांच गर्ने व्यवस्था मिलाईने छ ।

२३. गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा ल्याब सेवा विस्तार गर्दै रुरु प्राथमिक स्वास्थ्य केन्द्रमा थाइराइड परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

२४. गाउँपालिकाका नागरिकहरुलाई निशुल्क रगत उपलब्ध गराउने र मोतियाविन्दुको अप्रेशन निशुल्क गराउने कार्यलाई निरन्तरता दिईने छ ।

## (आ) शिक्षा युवा तथा खेलकुद

२५. समग्र विद्यालयको गुणस्तर सुधारको लागि गाउँपालिका र प्रधानाध्यापकसँग कार्य सम्पादन सम्झौता गरी प्रधानाध्यापक र विद्यालयको कार्यसम्पादन मूल्यांकन गरिनेछ।साथै प्रधानाध्यापक र विद्यालयका विषयगत शिक्षकसँग समेत कार्यसम्पादन गर्ने व्यवस्था मिलाईने छ।

२६. प्रधानाध्यापकलाई विद्यालयको समग्र शैक्षिक गुणस्तर कायम गर्न विद्यालयको तह अनुसार कार्य सम्पादन मूल्याङ्कन नतिजाको आधारमा त्रैमासिक रुपमा प्रधानाध्यापक भत्ता तथा सुविधा उपलब्ध गराईनेछ।

२७. कार्यसम्पादन मूल्याङ्कनको आधार तथा विद्यालयको समग्र अवस्थाको आधारमा शिक्षकहरुलाई कार्यसम्पादन सुधारको लागि अन्तर विद्यालय स्थानान्तरण गर्ने नीति अवलम्वन गरिनेछ।

२८. विद्यालयको समग्र शैक्षिक अवस्थाको विश्लेषण गर्न सूचकहरु सहितको चौमासिक प्रतिवेदन सबै विद्यालयहरुले गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरिनेछ।

२९. विद्यालयमा विद्यार्थीको पहुँच सुनिश्चित गर्न हाल बस संचालन गरेका विद्यालयहरुलाई बस संचालन अनुदान दिने व्यवस्था मिलाईनेछ र आवश्यतानुसार विद्युतिय सवारी साधन(EV) खरिद गरि विद्यालयलाई हस्तान्तरण गरिनेछ ।

३०. विद्यालयमा विद्यार्थीहरुको नियमितताको लागि प्रत्येक विद्यालयमा एकजना फोकल शिक्षक तोकी विद्यार्थीको नियमितताको सुक्ष्म निगरानी राख्ने व्यवस्था मिलाउने, विद्यार्थी नियमित उपस्थित नभएको अवस्थामा अभिभावकसँग फोन गर्ने तथा होम भिजिटमा जाने व्यवस्था मिलाईनेछ ।

३१. विद्यार्थीहरुलाई संघीयता, सुशासन, सेवा प्रवाह, भष्ट्रचार निवारण, उपभोक्ता हक र खाद्य सुरक्षा, साईवर अपराध, घरेलु/ लैङ्गिक हिंसा, स्वास्थ्य तथा नैतिक शिक्षा लगायतका विषयमा अनुशिक्षण गर्न **विद्यार्थीसँग गाउँपालिका कार्यक्रम** संचालन गरिनेछ।

३२. विपन्न वर्गका विद्यार्थीहरुको पहिचान गरी त्यस्ता विद्यार्थीहरुलाई निःशुल्क स्टेशनरी, पोशाक लगायतका अन्य सुविधा उपलब्ध गराइनेछ।

३३. उत्कृष्ट विद्यालय र कमजोर विद्यालयको पहिचान गरी असल अभ्यासको आदान-प्रदान गर्न **प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको** छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ।

३४. शैक्षिक गुणस्तर सुधारको लागि हाल संचालनमा रहेका InteractiveSmart Board मार्फत अध्यापन गराउने कार्य तथा विद्यालयको व्यवस्थापन पक्षलाई सवल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाई शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु संचालन गर्दै गाउँपालिकाका सबै विद्यालयहरुलाई प्रविधि मैत्री विद्यालय निर्माण गरिनेछ।

३५. Interactive Smart Board मार्फत विद्यार्थीहरुको शैक्षिक कृयाकलाप संचालन गर्दा शिक्षकले अनिवार्य रुपमा विषयवस्तुको Presentation तयार गरी विद्यार्थीहरुलाई पठनपाठन गराउनु पर्ने र सोको नियमित अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

३६. विद्यालयमा विद्यार्थीहरुको लागि समय समयमा योग प्रशिक्षण सम्बन्धी कृयाकलापहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ।

३७. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण विद्यालय जाने उमेरका विद्यार्थीहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना हुनको लागि उचित वातावरणनिर्माण गर्दै ज्ञवा बलेटक्सार सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक कृयाकलाप संचालनमा प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

३८. विद्यालयहरुको असल अभ्यास आदान-प्रदान गर्न गाउँपालिकास्तरीय **शैक्षिक प्रदर्शनी कार्यक्रम** संचालन गर्ने व्यवस्था मिलाइनेछ।

३९. आधारभूत तह कक्षा (१-३)को परीक्षालाई पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिमको निरन्तर मुल्यांकन प्रक्रियालाई व्यवस्थित गर्न तथा कक्षा ४, ५, ७ र ८ को वार्षिक परीक्षा गाउँपालिकास्तरीय रुपमा संचालन गरिनेछ । प्राप्त नतीजाको आधारमा शिक्षक, विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।

४०. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी शिक्षकहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन तथा दण्डको व्यवस्थामिलाइनेछ।

४१. गाउँपालिका भित्र रहेका **बाल विकास सहजकर्तातथा विद्यालय कर्मचारीहरुलाई** उत्प्रेरित बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

४२. विद्यालयमा विद्यार्थीहरुको दिवा खाजामा पोषणयुक्त खाद्य पदार्थ प्रयोग गर्दै जंग फुडलाई निरुत्साहन गरिनेछ ।

४३. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न सूचकको आधारमा मासिक रुपमा विद्यालयहरुको निरीक्षण र सुपरीवेक्षणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउँदै अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफलको लागि पेश गर्ने व्यवस्था मिलाईनेछ ।

४४. न्यून सिकाई उपलब्धि भएका गणित,विज्ञान र कम्प्युटर विषयका शिक्षकहरुलाई पेसागत क्षमता विकास तालिम संचालन गरिनेछ ।

४५. विद्यालयस्तरीय शैक्षिक कार्यक्रमहरूलाई योजना बद्धरूपमा सञ्चालन गर्न विषयगत शिक्षकको पठनपाठनलाई समयमै सम्पन्न गर्नका लागि **मासिक पाठयोजना** सहितको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

४६. शिक्षण सिकाइमा ICT को प्रयोगलाई प्रोत्साहन गर्न शिक्षकहरूलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी आधुनिक प्रविधिको प्रयोग गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ।

४७. शिक्षाको गुणस्तर सुधार र विकासको लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक,**अभिभावक, विद्यार्थी तथा सम्वद्ध शैक्षिक सरोकारवालाहरुसँग आवश्यक संवाद, छलफल, सहकार्य तथा अन्तरक्रिया** कार्यक्रम संचालन गरी थप जिम्मेवार बनाईनेछ साथै मासिक रुपमा अभिभावक शिक्षा कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

४८. STEAM शिक्षालाई समेत मध्यनजर गर्दै कक्षा १ देखि ५ कक्षासम्म लागु गरिएको स्थानीय पाठ्यक्रमलाई थप परिमार्जन गर्ने रकक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ ।

४९. गुणस्तरीय विद्यालय शिक्षामा बालबालिकाहरूको सहज पहुँच सुनिश्चित गर्न सवारी साधन, छात्रावास, बालमैत्री कक्षा व्यवस्थापन जस्ता कार्यका लागि विद्यालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ।

५०. सामुदायिक विद्यालयका छात्राहरुको लागि गुणस्तरीय **निःशुल्क सेनिटरी प्याड** वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५१. शारीरिक रुपले अशक्त तथा फरक क्षमता भएका बालबालिकाहरुलाईविद्यालय शिक्षामा समाहित गर्ने व्यवस्था मिलाइनेछ।

५२. गाउँपालिकाको समग्र खेलकुदलाई चलायमान बनाई खेलाडीहरुको क्षमता विकासको लागि **अध्यक्ष कप खेलकुद** प्रतियोगितालाई निरन्तरता दिइनेछ।

५३. संस्कृत तथा साधारण मा.बि.रिडीमा सन्चालन भएको गुरुकुल शिक्षालाई आवासीय रुपमा सन्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

५४. प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

५५. युवाहरुलाई लोकसेवा आयोग, शिक्षक सेवा आयोग तयारी कक्षाहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

५६. विद्यार्थीहरुको सर्वाङगिण विकासका लागि पालिकास्तरबाट तथा लिडर विद्यालय मार्फत विविध अतिरिक्त क्रियाकलापहरु संचालनलाई निरन्तरता दिइनेछ साथै विद्यालयमा स्काउट शिक्षालाई थप व्यवस्थित गरिनेछ ।

५७. उच्च शिक्षा अध्ययनमा प्रोत्साहित गर्न छोरी वुहारीहरुलाई छात्रवृत्ति उपलब्ध गराई उच्च शिक्षा अध्ययन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

५८. गाउँपालिकास्तरमा युवा परिषद् र प्रत्येक वडाहरुमा युवा क्लव गठन गरिनेछ ।

५९. प्राविधिक धारतर्फका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको प्रयोगात्मक ज्ञानको लागि गाउँपालिकाबाट विभिन्न कार्यमा स्वयंसेवकको रुपमा परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

## (इ) सामाजिक समावेशीकरण

६०. गाउँपालिकाका नागरिकहरुलाई न्यूनतम २० युनिट सम्मको विद्युत महशुल गाउँपालिकाबाट भुक्तानी हुने व्यवस्था मिलाई निःशुल्क गरिनेछ साथै खानेपानीमा नागरिकले सहुलियत पाउने गरी लिफ्टिङ्ग खानेपानीको विद्युत महशुलमा आवश्यक सहुलियत दिने व्यवस्था मिलाईनेछ ।

६१. प्रत्येकवडाहरुमा **ज्येष्ठ नागरिक भेटघाट केन्द्र** संचालन गरी ज्येष्ठ नागरिकका अनुभव आदान-प्रदान तथा छलफल लगायतका कार्यहरु संचालन गरिनेछ।

६२. वडा तथा बजार क्षेत्रका उपयुक्त स्थानहरुमा विश्राम कुर्ची तथा बेन्चहरुको व्यवस्थामिलाईनेछ ।

६३. सबै नागरिकहरुलाई पहुँच हुने गरी योग तथा व्यायामको लागि गाउँपालिकाको उपयुक्त स्थानहरुमा खुला व्यायामशाला निर्माण गरिनेछ ।

६४. घरबस्तीको नजिकमा रहेका रुख तथा बुटाहरुले घरमा क्षती पुर्याउने, चटयाङ्को जोखिम रहने, वन्यजन्तुले समेत आश्रयस्थल बनाई क्षती पुर्याउन सक्ने हुनाले सम्बन्धित व्यक्तिले कटान गर्नु पर्नेछ आफै कटान नगर्ने व्यक्तिहरुको रुख तथा बुटाहरु नगर प्रहरी परिचालन गरी कटान गर्ने व्यवस्था मिलाईनेछ ।

६५. महिलाहरुलाई उद्यमशिल बनाई आय आर्जन र स्वरोजगार बनाउनको लागि मागमा आधारित तालिम दिने व्यवस्था मिलाईनेछ ।

६६. गाउँपालिकाकाज्येष्ठ नागरिकहरुलाई निःशुल्क औषधी वितरण, स्वास्थ्य परिक्षण, छलफल तथा अन्तरक्रिया गर्दै ज्येष्ठ नागरिकको सम्मानको लागि **ज्येष्ठ नागरिक सम्मान कार्यक्रम** संचालन गरिनेछ।

६७. बालमैत्री स्थानीय शासनको अवधारणलाई क्रमशः कार्यान्वयन गर्दै गाउँपालिकालाई बालमैत्री पालिकाको रुपमा विकास गर्न **बालबालिकासँग गाउँपालिका** कार्यक्रम संचालन गरिनेछ ।

६८. विभिन्न भाषा, धर्म, कला,संस्कृति, पराम्परागत झाँकीहरु तथा इतिहासको संरक्षण र सम्बर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।

६९. गाउँपालिका भित्र सञ्चालन गरिएका सबै प्रकारका व्यवसायहरुको व्यवस्थित अभिलेखिकरण गरिनेछ ।

७०. वातावरण, सरसफाई, सार्वजनिक सम्पत्तिको संरक्षण, तथा विपद् व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्ति संघ, संस्था र टोलविकास संस्थालाई प्रोत्साहन गर्ने नीतिलिईनेछ।

७१. गाउँपालिकामा सबैभन्दा **बढी कर तिर्ने** तथा तोकिएको **समय अगावै निर्माण कार्य सम्पन्न गर्ने** निर्माण व्यवसायी तथा संस्थालाई सम्मान गर्ने कार्यक्रम अगाडि बढाईनेछ।

७२. विकासकोमूलप्रवाहमा पहुँच पुर्याउनका लागि महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, आदिबासी जनजाति, बालबालिका, एकल महिला, सिमान्तकृत वर्ग लगायतका समुदायहरुको क्षमता विकास, आयआर्जन, सशक्तिकरण, अधिकार संरक्षणमा जोडदिदै विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

७३. गाउँपालिकाका महिला दिदीबहिनीहरुलाई स्थानीयस्तरमा जनै, दुना टपरी, स्वीटर, सेनेटरी प्याड, अचार, बास तथा पोस्करबाट निर्मित सामग्री, गुन्द्रुक, टिमुर लगायतका लघु उद्योगहरु संचालनको लागि आवश्यक समन्वय गर्दै गाउँपालिकाबाट प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७४. लागू औषध,मदिरासेवन,लैङ्गिक हिंसा, घरेलु हिंसा,सामाजिक कुप्रथा, कुरीति छुवाछुत, सामाजिक विभेद र कुसंस्कार अन्त्य गर्न विभिन्न कार्यक्रमहरु टोल विकास संस्थामार्फत संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

७५. हिंसा पीडित तथा प्रभावित महिला एवम् बालबालिकाका लागि तत्काल नि:शुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र सिपमूलक कार्यक्रम संचालन गर्नको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

७६. युवाहरुलाई उद्यमी बनाई आत्मनिर्भर बनाउन तथा स्वरोजगार सृजना गरी युवाहरुलाई स्थानीयस्तरमै उद्यमी बन्न प्रेरित गर्ने उद्देश्यले **अध्यक्ष युवा उद्यम** कार्यक्रम संचालन गरिनेछ।

७७. खानेपानीको सुनिश्चितता गर्दै गाउँपालिकालाई "एक घर एक धारा" पूर्ण गाउँपालिका घोषणा गरिने छ ।

७८. खानेपानीको मूल, रिजर्भिंग ट्यांकी र धाराको पानीको शुद्धता परिक्षण गर्न ल्याब स्थापना गरि खानेपानीको शुद्धता परिक्षण गर्ने कार्य नियमित रुपमा सन्चालन गरिनेछ ।

७९. गाउँपालिकाको खानेपानी तथा सरसफाई शुद्धता योजना अनुसार खानेपानी योजनाहरुको प्राथमिकीकरण गरि योजना संचालन गरिनेछ ।

८०. जलवायु परीवर्तन संगै देखिएको लामो खडेरी र सुख्खा मौसममा पानीका मूलहरु सुक्ने सम्भावना प्रवल देखिएकोले मूल संरक्षणका कार्यक्रमहरु संचालन गरिने छ ।

८१. समुदायमा " पानी जीवन हो, यसको संरक्षण गरौं " जस्ता अभियान संचालन गरिने छ ।

८२. गाउँपालिकामा संचालन भएका अटो रिक्सा व्यवसायीहरुलाई व्यवस्थित रुपमा दर्ता नविकरण र रुट पर्मिट अनुसार वैज्ञानिक भाडादर कायम गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

## (ख) आर्थिक विकास तर्फः

### (अ) कृषि

८३. कृषिमा आत्मनिर्भर बन्दै उत्पादन वृद्धि गर्न, कृषिमा प्रविधि तथा यान्त्रिकरण गर्दै आधुनिक कृषिलाई बढावा दिन कृषकहरुको आवश्यकताका आधारमा मागमा आधारित कृषि यान्त्रिकरण अनुदान दिने व्यवस्था मिलाईने छ ।

८४. महिलाहरुलाई सामाजिक समावेशीकरण र सशक्तिकरण मार्फत कृषिमा आत्म निर्भर बनाउन गैर सरकारी संस्थासँग लागत साझेदारीमा **रुरु कृषि परियोजना** संचालन गरी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाईनेछ ।

८५. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणको लागि अन्य स्थानीय तह तथा संघ संस्था र सहकारीहरुसँग समन्वय र सहकार्य गरिनेछ।

८६. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुलाई बजारीकरण गर्न गाउँपालिकाको मुख्य बजारहरुमा हाट बजार सन्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

८७. गाउँपालिकामा रहेको जग्गालाई व्यवस्थित रुपमा उपयोगमा ल्याउने नीति अवलम्बन गरिनेछ । खेती योग्य जमिन प्रयोग नगरी बाँझो राख्ने कार्यलाई निरुत्साहन गर्दै अनिवार्य रुपमा खेती गर्नु पर्ने अन्यथा बाँझो जग्गा गाउँपालिकालाई लिजमा दिनुपर्नेछ । यसरी गाउँपालिकाले लिजमा लिएको जग्गा व्यक्तिगत तथा सामुहिक खेती गर्ने किसानलाई उपलब्ध गराई मागमा आधारित अनुदानको व्यवस्था मिलाईनेछ ।

८८. किसान सूचीकरण कार्यक्रमबाट दर्ता भएका किसानहरुलाई **किसान परिचय पत्र** वितरणको व्यवस्था मिलाइनेछ।

८९. गाउँपालिकामा सम्भाव्यता रहेका कृषि उपजहरुको उत्पादनमा वृद्धि गर्नको लागि चालु रहेका विभिन्न **बाली तथा वस्तुहरुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम**लाई निरन्तरता दिँदै **नयाँ पकेट विकास कार्यक्रम** थप गरिनेछ।

९०. विभिन्न कारणबाट कृषि तथा पशुपालनमा हुने जोखिम न्यूनीकरण गर्नको लागि बाली तथा पशुपंछी बिमा कार्यक्रम लागु गरी संघीय तथा प्रदेश सरकारको नीति अनुरुप **बाली तथा पशुपन्छी बिमामा** अनुदान दिनेव्यवस्था मिलाइनेछ।

९१. गाउँपालिकाको पहिचानको रुपमा रहेको गुडलाई ब्रान्डिङ्ग गरी भौगोलिक संकेत र बजारीकरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

९२. गाउँपालिकामा रहेको उखुखेतीलाई प्रोत्साहन गर्न अनुदान दिने व्यवस्था मिलाउँदै उखु प्रशोधन उद्योगलाई प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

९३. नयाँ प्रविधिमा कृषकहरुको पहुँच बढाउनको लागि गाउँपालिका मार्फत वितरण गरिने बिउ बिजन र**कृषि प्रविधिमा ८०% सम्म अनुदान**को व्यवस्था मिलाइनेछ।

९४. सामुहिक कृषि खेतीलाई प्रोत्साहन गर्न आवश्यक अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।

९५. अर्गानिक खेतीलाई प्रवर्धन गर्नको लागि जैविक तथा गड्यौला मल उत्पादनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ।

९६. अर्गानीक तथा **रैथाने बाली (जौ, कोदो, फापर,भटमास)** उत्पादनको लागि व्यक्तिगत,सामुहिक तथा सहकारी कृषि खेतीलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

९७. **"कृषिमा आत्मनिर्भर बनौ"**भन्ने नीति अनुरुप कृषि तथा पशुपंक्षि क्षेत्रको विकास गर्न कृषिजन्य उत्पादन, दुधजन्य पदार्थको उपयोग–प्रशोधन र बजारीकरण गरी लोपोउन्मुख पशुपंक्षि, अण्डा, मासु, दुध, खाद्यान्न बाली, फलफूल,तरकारी तथा नगदेवालिहरुको उत्पादनमा वृद्धि गर्न उत्पादनमा आधारित अनुदानको व्यवस्था मिलाईनेछ ।

९८. गाउँपालिका क्षेत्र भित्र कृषि उत्पादनमा प्रयोग भैरहेको रासायनिक विषादीलाई न्यूनीकरण गरी जनताको स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न विभिन्न प्रचारात्मक कार्यक्रमहरु गर्दै अर्गानिक कृषि उपज उत्पादन गर्न प्रोत्साहन गरिनेछ।

९९. कृषिक्षेत्रसँग सम्बन्धित विकसित नवीनतम प्रविधिको बारेमाजानकारी गराउन तथा कृषकहरुको पीरमर्का, समस्या र गुनासोको सम्बोधन गर्दै कृषि उत्पादन वृद्धि गर्नको लागि घरघरमा **कृषकसँग कृषि प्राविधिक** कार्यक्रम संचालन गरिनेछ।

१००. कृषि पेशालाई व्यवसायिक गर्नको लागि उत्कृष्ट कृषि उपज उत्पादन गर्ने कृषकहरुलाई **उत्कृष्ट कृषक सम्मान** कार्यक्रमबाट सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०१. फलफुल, तरकारी र घाँसको विरुवा उत्पादनका लागि व्यवसायिक नर्सरी स्थापना गर्नको लागि **एक वडा एक नर्सरी कार्यक्रम** संचालन गरी व्यवसायिक नर्सरी स्थापना हुन बाँकी रहेका वडाहरुमा व्यवसायिक नर्सरी स्थापना गरिनेछ।

१०२. कृषकहरुले उत्पादन गरेको कृषि उपजहरुलाई सुरक्षित र लामो समय सम्म भण्डारण गर्न वडा नं. १ मा रहेको कोल्ड स्टोरलाई सहकारी तथा निजी क्षेत्रसँग समन्वय गरी प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०३. गाउँपालिका भित्र उत्पन्न हुने फोहोरमैला व्यवस्थापन गर्दै कृषि उत्पादन वृद्धि गर्न **घर-घरमा कम्पोष्टमल** तयार गर्ने व्यवस्था मिलाईनेछ।

१०४. तरकारीमा आत्मनिर्भर हुन **घरघरमा करेसाबारी** अभियान संचालन गरिनेछ।

१०५. गाउँपालिका भित्र उत्पादित विभिन्न कृषि उपजहरु, हस्तकलाका सामग्रीहरु, विभिन्न रैथाने कृषि बालीहरुको संकलन तथा विक्री वितरणलाई व्यवस्थित गर्दै लैजानको लागि गाउँपालिकामा संचालनमा रहेको **पालिका कोसेली घरलाई** थप व्यवस्थित गरिनेछ।

१०६. बाँझो जमिनमा उखु, टिमुर,मेवा, कागती,अलैंची,लप्सी, कुरीलो, अम्रिसो,तेजपत्ता र अन्य जंगली फलफुल लगायतका विरुवाहरु रोपणको लागि आवश्यक अनुदानको व्यवस्था मिलाइनेछ।

१०७. बाँदर/बदेल लगायत वन्यजन्तुहरुबाट कृषकहरुलाई परेको समस्यालाई न्यूनिकरण गर्नको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

१०८. कृषि उत्पादनलाई वृद्धि गर्ने उद्देश्यले माटो परिक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०९. युवाहरुलाई कृषिमा उत्प्रेरित गर्नउत्पादनका आधारमा युवा लक्षित अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।

११०. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणका लागि मुल्य निर्धारण गर्ने प्रक्रिया अवलम्बन गरिनेछ।

१११. कृषकहरुलाई कृषिमा प्रोत्साहन गर्न विभिन्न संघसंस्थासँग सहुलियत दरको ऋण लगानीको लागि आवश्यक समन्वय गर्दै कृषकको लागि कृषि ऋणमा लाग्ने ब्याजमा अनुदानको व्यवस्था मिलाइनेछ।

११२. कृषकहरुलाई आइपर्ने समस्या समाधानको लागि **बाली उपचार तथा पशु स्वास्थ्य शिविर** संचालनको व्यवस्था मिलाइनेछ।

११३. कृषकहरुले उत्पादन गरेको कृषि उपजहरुको बजारीकरण गर्नको लागि कृषि मेला संचालन गरिनेछ ।

**(आ) पशुपालन**

११४. पशुपालन व्यवसायमा गाउँपालिकालाई आत्मनिर्भर गराउन बंगुर/बाख्रा/कुखुरा लगायत पशुपंक्षी पालन सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

११५. प्राकृतिक रुपबाट गर्भाधान संभव हुन नसकेमा निःशुल्क कृत्रिम गर्भाधान गराउने कार्यलाई निरन्तरता दिइनेछ।

११६. गाउँपालिकामा रहेका कृषि समुह, सहकारी र फर्मलाई बिउवीजन रघाँस उत्पादनमा आत्म निर्भर बनाउन आवश्यक सहयोग उपलब्ध गराइनेछ।

११७. बाख्रा तथा बोकामा गाउँपालिकालाई आत्मनिर्भर बनाउनको लागि **साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट)** विकास कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

११८. पशु विकास कार्यक्रमलाई प्रभावकारी बनाउन नश्ल सुधारको लागि बोका, राँगो, बीर (बंगुर) समूह/सहकारी/फर्मलाई वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

११९. गाउँपालिकाका व्यवसायीक कृषकहरुलाई मापदण्ड तयार गरी गाई/भैसी पालनमा आकर्षण गर्दै पोषणलाई महत्व दिन गाई/भैसीको संख्याको आधारमा आवश्यक अनुदान दिने व्यवस्था मिलाईनेछ ।

१२०. गाउँपालिका भित्रका जलासय र माछापोखरीहरुलाई संरक्षण गर्दै व्यवसायीक माछा पोखरी निर्माण गर्ने समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराई गाउँपालिकालाई माछा उत्पादनमा क्रमशःआत्मनिर्भर गराउदै माछाको उचित बजारीकरणको व्यवस्था मिलाइनेछ।

१२१. कृषकसँग प्राविधिक कार्यक्रम संचालन गर्दै किसानको गोठ गोठमा पुगेर किसानका पशुको उपचार, निःशुल्क औषधि र परामर्श दिने व्यवस्था गरिने छ ।

१२२. पशुमा लाग्ने महामारीका रोगहरु हुन नदिनको लागि गाइ, भैसी, बाख्रा, सुँगुर, कुखुरा तथा कुकुरमा खोपहरु किसानको गोठसम्म पुगेर लगाउने व्यवस्था गरिनेछ।

१२३. साइलेज उत्पादन प्रोत्साहनको लागि आवश्यक बिउ र मेसिनको व्यवस्था मिलाइनेछ।

**(इ) सहकारी तथा वित्तिय संस्था**

१२४. गाउँपालिका भित्र रहेका विभिन्न सहकारी संस्थाहरुको अभिलेखिकरण गर्दैएउटै उद्देश्यले स्थापना भएका सहकारीहरुलाई एकिकरण गर्ने र निस्कृय सहकारी संस्थाहरुलाई खारेज गर्ने व्यवस्था मिलाईनेछ ।

१२५. सहकारीहरु ऐन, नियम र विनियम बमोजिम सञ्चालन भए नभएको अनुगमन गरी उत्कृष्ट काम गर्ने सहकारीलाई प्रोत्साहन गरिनेछ ।

१२६. गाउँपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तिय संस्थाहरुलाई वडास्तरसम्म आफ्नो सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ।

१२७. गाउँपालिकामा संचालनमा रहेका वित्तिय संस्थाहरुलाई प्रचलित कानूनको दायरामा लिई वित्तिय संस्थालाई गाउँपालिकाको नीति अनुसार संचालनको लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१२८. गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि वित्तिय अवस्थामा सुधार गर्न करको दर कम र दायरा फराकिलो बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

१२९. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र संचालनमा रहेका **लघु उद्योगहरुलाई** प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१३०. सहकारी मार्फत समुदायमा आर्थिक विकासका विभिन्न कार्यक्रमहरु संचालन गर्दै गाउँपालिकाका सहकारीहरुको सुदृढीकरणमा विशेष ध्यान दिईनेछ।

१३१. महिलाहरु मात्र सदस्य रहेका सहकारीहरुलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**(ई) रोजगारी सम्बन्धी**

१३२. गाउँपालिकाका सबै घरधुरीमा रोजगारीको अवस्थाको अभिलेखिकरण गर्दै बेरोजगार व्यक्तिहरुको व्यवस्थित अभिलेख तयार गरिनेछ ।

१३३. गाउँपालिकाका बेरोजगार युवाहरुलाई विभिन्न सिपमूलक तालिमहरु प्रदान गरी आय आर्जन र स्वरोजगारमा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१३४. युवाहरुलाई व्यवसायिक कृषिमा आवद्ध गरि रोजगारी सृजना र कृषि उत्पादन वृद्धि गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१३५. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँपालिकाबाट समेत साझेदारी गरी थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१३६. गाउँपालिकामा संचालन हुने योजना तथा कार्यक्रमहरुमा बेरोजगारहरुको सूचीमा रहेका व्यक्तिहरुलाई प्राथमिकता दिइने नीति लिइनेछ ।

१३७. साना खालका पूर्वाधारहरुको निर्माण तथा सडक मर्मत सम्भार गर्ने कार्यमा हेभि इक्विपमेन्टको प्रयोग नगरी स्थानीयलाई रोजगारी दिने नीति अवलम्बन गरिनेछ।

१३८. नियमित रुपमा वडामा सडक तथा नालि मर्मत संभार गर्न, वडामा रहेका बाँझो जग्गाको उपयोग गर्न, व्यवसायिक कृषकहरुलाई आवश्यक सहयोग गर्न, वन्यजन्तुबाट कृषकहरुको बालि संरक्षण गर्न, खानेपानी पाईप तथा सिंचाई कुलो तत्काल मर्मत संभार गर्न, विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न, गाउँपालिकाबाट संचालन हुने विभिन्न कार्यक्रमहरु संचालन गर्न गाउँपालिकाको सबै वडामा परिचालन गर्ने गरी आगामी आ.व.मा ४० जना नागरिकहरुलाई वार्षिक रोजगारीको व्यवस्था मिलाईनेछ ।

## (ग) भौतिक पूर्वाधार विकास तर्फः

१३९. गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालयसम्म जोड्ने वडा पहुँच मार्गको स्तरोन्नतिलाइ निरन्तरता दिई बहुबर्षीय योजना बनाएर आगाडी बढाइनेछ ।

१४०. सडक नयाँ निर्माण भन्दा बनेका सडकहरुलाई क्रमश कालोपत्रे तथा स्तरोन्ती गर्ने कार्यलाई मुख्य प्राथमिकता दिईनेछ ।

१४१. गाउँपालिकास्तरीय गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयनको लागि बजेटको सुनिश्चितता गरिनेछ।

१४२. गाउँपालिकामा योजना बैंकको स्थापना गरी प्राथमिकताका आधारमा विकास निर्माणका कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ।

१४३. गाउँपालिकाको विभिन्न स्थानहरुमा शुद्ध पिउने पानी तथा सार्वजनिक शौचालयहरु निर्माण गरी सरसफाई तथा सभ्यताको लागि आवश्यक कार्य गरिनेछ।

१४४. भौतिक पूर्वाधार सम्बन्धीका विभिन्न योजनाहरु संचालन गर्दा अन्तर स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्थाहरुसँग लागत साझेदारीका कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

१४५. कभर्डहल निर्माण हुन बाँकी रहेका वडाहरुमा आवश्यकताका आधारमा आगामी वर्ष कभर्डहल निर्माण गरिनेछ साथै वडाका उपयुक्त स्थानहरुमा क्रिकेट प्रशिक्षण स्थलहरुको निर्माण गरिनेछ।

१४६. गाउँपालिकाका सडकहरुलाई स्तरोन्नती र नामाकरण गर्दै गाउँपालिका भित्र सहज यातायात सेवाको लागि यातायात व्यवसायीहरुसँग आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइनेछ।

१४७. सडक, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ।

१४८. विपद् व्यवस्थापन र तत्काल उद्धार लगायतका कार्यको लागि उपयुक्त स्थानमा **हेलिप्याड निर्माण** गर्ने व्यवस्था मिलाईनेछ ।

१४९. गाउँपालिका भित्रका सडकहरुमा ट्राफिक संकेतका चिन्हहरु र दुरीका संकेतहरु राखी यात्रालाई सूचना मुलक बनाउँदै मुख्य सडकहरुमा सडक बत्ती जडान गर्ने कार्य गरिनेछ।

१५०. हेभि इक्युपमेन्ट प्रयोग गरी कार्य गर्नुपर्ने अवस्थामा अनुमति प्राप्त हेभि इक्युपमेन्टबाट मात्र काम गराउनु पर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१५१. भवन निर्माण गर्दा भुकम्पीय जोखिम न्यूनिकरण गर्ने तर्फ ध्यान दिँदै भवन आचार संहिताको पालना गराउन पहल गरिनेछ।

१५२. मौलिक नेपालीपन झल्किने तथा उच्च कलात्मक शैलिमा निर्मित नीजि आवास एवं सार्वजनिक भवनहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

१५३. पूर्वाधारहरुको दिगो व्यवस्थापन तथा उपयोगका लागि मर्मत संभार प्रणालीलाई व्यवस्थित गर्न मर्मत संभार कोषको व्यवस्था गरी मर्मत संभारका लागि आवश्यक पर्ने मेशिनरी औजारहरु जे.सि.वी., टिप्पर लगायतका साधनहरु खरिद गर्ने व्यवस्था मिलाइनेछ।

१५४. गाउँपालिका भित्र रहेको विद्युत सेवालाई नियमित र गुणस्तरिय बनाउन आवश्यक पहल गरिनेछ।

१५५. विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा ठूला पूर्वाधारहरुको लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१५६. निर्माण गरिने पूर्वाधाहरुको दिगोपना र गुणस्तर कायम गर्नको लागि गाउँपालिकामा पूर्वाधार ल्याब स्थापना गर्नआवश्यक व्यवस्था मिलाईनेछ ।

१५७. गाउँपालिका क्षेत्रभित्र निर्माण भएका घरहरुको अभिलेखीकरण गरी नयाँ संरचनाहरु निर्माण गर्दा अनिवार्य रुपमा गाउँपालिकाको स्वीकृति लिनु पर्ने साथै गाउँपालिका भित्र निर्माण हुने घरहरुले अनिवार्य रुपमा नक्सा पास गर्ने व्यवस्था मिलाईनेछ।

१५८. गाउँपालिकास्तरीय खेलमैदानलाई स्तरोन्ती गरिनेछ ।

१५९. सिंचाई कुलोहरु निर्माण गरी कृषि उत्पादनमा बृद्धि गरिनेछ।

## पर्यटन पूर्वाधार

१६०. गाउँपालिकामा लगानी सम्मेलन आयोजना गरी निजी क्षेत्रको साझेदारीमा पर्यटन पूर्वाधारका विभिन्न संरचनाहरु निर्माण गर्न आवश्यक समन्वय गरिनेछ ।

१६१. पवित्र धार्मिक स्थल रिडीमा पर्यटन तथा धार्मिक स्थलहरु निर्माण गर्दै धार्मिक पर्यटन प्रवर्द्धनको लागि रुरुक्षेत्र धामको महत्व झल्किने संरचना निर्माणको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१६२. कालिगण्डकी नदिमा पाईने शालिग्रामको महत्वलाई व्यापक प्रचार प्रसार गरी रुरुक्षेत्रलाई आन्तरिक तथा बाह्य पर्यटक हबको रुपमा विकास गरिनेछ ।

१६३. रिडी - श्रृङ्गेश्वर धाम रेसुङ्गा स्वर्गद्धारी र सुपादेउरालीलाई धार्मिक सर्किटको रुपमा विकास गर्न अन्य स्थानीयतहसँग आवश्यक समन्वय र साझेदारी गर्ने नीति लिईनेछ ।

१६४. गाउँपालिकाको कला संस्कृति, स्थानीय उत्पादनबाट बनेका परिकार सहित पर्यटन पवर्द्धन गर्दै **अतिथि देवो भव** भन्ने संस्कारलाई कायम राख्न गाउँपालिकाको वडा नं. ६ को टानीडाँडामा व्यवस्थित **होमस्टे** संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१६५. गाउँपालिका भित्रका ऐतिहासिक,धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने एवं विभिन्न जातजातिहरुको धर्म,संस्कृती संरक्षण, सम्बर्द्धन गर्दै धार्मिक पर्यटन लाई बढावा दिने नीति लिईनेछ।

१६६. ऐतिहासिक, धार्मिक,साँस्कृतिक, प्राकृतिक आकर्षणका स्रोत र सम्पदालाई आर्थिक आर्जनको आधार बनाईनेछ।

१६७. जिल्लाकै प्रवेश विन्दुको रुपमा रहेको तथा गाउँपालिकाको मुख्य व्यापारिक केन्द्र रिडी बजारलाई सौन्दर्यीकरण गर्न आवश्यक व्यवस्था मिलाउँदै परम्परागत टुँडाल झ्याल, ढोका राख्नेलाई आवश्यक अनुदान दिने व्यवस्था मिलाईनेछ ।

१६८. गाउँपालिकाको उपयुक्त स्थानमा पर्यटन विकासको लागि साहसिक खेलहरु जस्तै स्काई साइक्लिङ, बन्जी जम्मिङ, जिप लाइन, स्वीङ्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघीय तथा प्रदेश सरकार र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

१६९. गाउँपालिकाका ऐतिहासिक तथा धार्मिकस्थलहरुको गुरुयोजना निर्माण गरी पर्यटन उद्योगलाई प्रवर्द्धन गरिनेछ।

१७०. गाउँपालिकामा संचालनमा रहेका विभिन्नकृषि फर्म, पशुपालन र एग्रो रिसोर्टहरु जस्ता आर्थिक गतिविधिलाई पर्यटकीय गतिविधिसँग आवद्ध गरी आय आर्जन वृद्धि गरिनेछ।

१७१. गाउँपालिकाको प्रवेशद्वार रिडीमा गाउँपालिका भित्रका साँस्कृतिक तथा अन्य पर्यटकीय स्थलको बारेमा जानकारी र गन्तव्यसम्म पुग्ने बाटोको नक्सांकन समेत उल्लेख गरी डिजिटल बोर्ड बनाइनेछ।

१७२. गाउँपालिकाका सबै वडाहरुमा वडाको पहिचान सहितका होर्डिङ्ग बोर्डहरुको स्थापना गरीनेछ।

## (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः

१७३. हरियाली कायम गर्न, वन जंगलको संरक्षण गर्न, पर्यावरणलाई सन्तुलित राख्न आवश्यकतानुसार बोट विरुवा रोपण तथा पुनर्भरण पोखरीहरुको निर्माण गरिनेछ ।

१७४. प्लाष्टिक झोलाको प्रयोगले वातावरणमा परेको असरलाई न्यूनिकरण गर्न गाउँपालिकामा उद्यमी सिर्जना गरी फाइबर तथा कपडाको झोलाको प्रयोगलाई बढावा दिन आवश्यक अनुदानको कार्यक्रम संचालन गरिनेछ।

१७५. आगलागी लगायतका विभिन्न विपद्हरुको बारेमा टोल विकास संस्था परिचालन गरी व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१७६. प्राकृतिक तथा गैर प्राकृतिकविपद् जोखिम तथा क्षतीको न्यूनिकरण गर्न **विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना** बनाई कार्यान्वयन गरिनेछ।

१७७. विपद् पूर्व तयारीको लागि गाउँपालिकामा रहेको आपत्कालिन कार्य संचालन केन्द्रमा आवश्यकविपद् सामग्रीहरुको व्यवस्था मिलाईनेछ ।

१७८. विपद् जोखिम न्यूनिकरणको लागि जोखिम क्षेत्र वा बस्तीको नक्साङ्कन गरी आवश्यक व्यवस्था मिलाइनेछ।

१७९. आगलागी नियन्त्रणको लागि गाउँपालिकाका सबै वडाहरुमा Fire hydrant जडान गरिनेछ । साथैदमकल संचालनको लागि अन्य स्थानीयतहरुसँग समेत साझेदारीको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१८०. खानेपानीको स्रोतलाई दीर्घकालिन बनाउन पानीका मुहान, पोखरी संरक्षणमा विशेष जोड दिईनेछ।

१८१. गाउँपालिकाभित्र रहेका सबै वन सम्पदाहरुको विभिन्न वन समितिहरुको सहकार्यमा संरक्षण,व्यवस्थापनगर्दै वृक्षारोपण गरिनेछ।

१८२. स्तरोन्नती गरिएका र गर्ने सडकहरुको दायाँ बायाँ भागमा ठूला प्रजातीका रुखहरुको विरुवा रोपण गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।

१८३. सडक स्तरोन्नती कार्यहरुमा बायो-इन्जिनियरिङ्गलाई प्राथमिकता दिइनेछ।

## (ङ) सुशासन तथा संस्थागत विकास तर्फः

१८४. **सबल, सक्षम र सुशासनयुक्त स्थानीय सरकारको** नीति अवलम्बन गर्दै भष्ट्राचारमा शून्य सहनशीलताको नीति लिई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

१८५. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पादन गर्न, कर्मचारीलाई जवाफदेही बनाउन, कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाउन अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरुको कार्य सम्पादन करार सम्झौता गरिनेछ साथै शाखा प्रमुखले आफू मातहतका कर्मचारीसँग कार्य सम्पादन करार सम्झौता गरी कार्ययोजना अनुसार नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१८६. गाउँपालिकाको गतिविधिहरुलाई डिजिटल सूचना पार्टी,मोबाईल एप्स, सामाजिक सञ्जाल, एस.एम.एस. तथा वेबसाईट मार्फत सार्वजनिक गरी नागरिकको सूचनाको हकलाई सुनिश्चित गराउँदै गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी बनाउँदै नागरिकहरुको घरघरमा सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ।

१८७. नागरिकलाई प्रभावकारी सेवा उपलब्ध गराउन, तोकिएको समयमा कार्य सम्पादन हुने सुनिश्चिता गर्दै तथा जनप्रतिनिधि र कर्मचारीलाई नागरिकप्रति जवाफदेही बनाउन **क्षतीपूर्ति सहितको नागरिक वडापत्र** कार्यान्वयन गरिनेछ ।

१८८. गाउँपालिका तथा वडा कार्यालयमा नागरिक सहायता कक्ष संचालन गरी नागरिकलाई सहज र सुलभ रुपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१८९. गाउँपालिकाको नगर प्रहरीलाई विपद् व्यवस्थापन, बजार अनुगमन, सार्वजनिक जग्गा अतिक्रमण रोक्न, गाउँपालिकाका विभिन्न नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न, न्यायिक समितिबाट भएका फैसलाहरु कार्यान्वयन गर्न तथा अन्य तोकिएका कार्यहरु सम्पादनको लागि परिचालन गरिनेछ ।

१९०. **स्थानीय सरकार मनमनमा नागरिक सेवा घरघरमा** कार्यक्रम संचालन गरी जन्मदर्ता, मृत्युदर्ता, 'क' र 'ख' वर्गमा पर्ने नागरिकको अपाङ्गता परिचय पत्र, तथा स्वास्थ्य सेवालाई नागरिकको घरघरमा

उपलब्ध गराईनेछ साथै सामाजिक सुरक्षा भत्ता रकम नागरिकको घरदैलोमा पुऱ्याउन आवश्यक व्यवस्थामिलाईनेछ।

१९१. गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट संचालन हुने विभिन्न कृयाकलापहरुको बारेमा आम नागरिकलाई सु-सूचित गर्दै पारदर्शिता र जनउत्तरदायी सरकारको भावना जागृत गराउन **सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई** तथा **जनतासँग स्थानीय सरकार** रेडियो कार्यक्रम संचालन गरिनेछ ।

१९२. रु १० लाख भन्दा माथिका सबै योजनाहरु EBID मार्फत गर्ने व्यवस्था मिलाईनेछ । १० लाख वा सो भन्दा साना योजनाहरु वडामा गठन भएका टोल विकास संस्था मार्फत संचालन गरिनेछ ।

१९३. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई तोकिएको समयमै कार्यान्वयन गर्न शाखा प्रमुखले भाद्र मसान्त भित्र कार्ययोजना निर्माण गरी कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

१९४. गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराईने सबै किसिमका सेवा प्रवाहमा वडास्तर देखि नै फाइलहरुको अवस्थाको बारेमा जानाकारीको लागि फाइल ट्र्याकिङ सिस्टम लागू गरिनेछ ।

१९५. गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउँदै योजनाहरुको अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल गर्ने व्यवस्था मिलाईनेछ ।

१९६. गाउँपालिकामा गठन भएका टोल विकास संस्थाको संस्थागत विकासको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१९७. टोल विकास संस्था मार्फत योजना संचालन गर्दा सार्वजनिक भेला गरी योजनाको जानकारी दिने, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गरी टोल विकास संस्थाको लेखापरिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१९८. **जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम** मार्फत विभिन्न वडाहरुमा प्रत्येक महिना नागरिक भेटघाट कार्यक्रम संचालन गर्दै आम नागरिकको चासो, गुनासो र प्रतिकृयाहरु सम्बोधन गरी नागरिकको नजिकको जनउत्तरदायी स्थानीय सरकार बनाईनेछ।

१९९. स्थानीय विवाद स्थानीयस्तरमै निरुपण गरी **सुखी र खुसी नागरिक** बनाउन तथा न्यायसेवा छिटो छरितो बनाउन टोलटोलमा कानूनी साक्षरता कार्यक्रम संचालन गर्दै वडास्तरमा रहने मेलमिलापकेन्द्रहरुलाई व्यवस्थित रुपमा संचालन गरिनेछ।

२००. **हाम्रो र राम्रो पूर्वाधार** भन्ने अभियान संचालन गरी सार्वजनिक संरचनाहरुको संरक्षणमा **टोल विकास संस्थाहरु**लाई परिचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

२०१. वडा कार्यालयको सहयोगी संस्थाको रुपमा गठन भएको टोल विकास संस्थाको क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै वडामा हुने साना खालका विकास निर्माणका कार्यहरु अनिवार्य रुपमा टोल विकास संस्था मार्फत गर्ने व्यवस्था मिलाईनेछ ।

२०२. गाउँपालिकाबाट सम्पादित हुने हरेक कार्यहरुमा अधिकतम सूचना प्रविधिको प्रयोग गरी **विधुतीय सुशासनको** नीति अवलम्बन गर्दै सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिनेछ।

२०३. नागरिक मैत्रीसेवा प्रवाह सुनिश्चितताको लागि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा विद्युतीय हाजिरी संचालन गरी कागजी हाजिरीलाई विस्थापित गरिनेछ ।

२०४. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्व संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाई राजश्व संकलनमा पारदर्शिता कायम गरिनेछ।

२०५. गाउँपालिकाको राजश्व भुक्तानीलाई नागरिकको सहजताको लागि मोबाइल एप्स तथा अनलाईन मार्फत भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ।

२०६. सार्वजनिक खर्चलाई उत्पादन मूलक बनाउन आन्तरिक नियन्त्रण प्रणाली प्रयोग गरिनेछ ।

२०७. सुशासन कायम गर्नको लागि आफ्नो पदीय आचरण र मर्यादामा रहन पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णतः लागू गरिनेछ।

२०८. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन गरेका विभिन्न कार्यहरु आमनागरिकलाई जानकारी गराउन गाउँपालिकाको वेभसाईटमा पालिका खबर news portal विकास गर्दै मासिक प्रगती विवरणहरु सार्वजनिक गर्दै हरेक कार्यमा पारदर्शिता कायम गरिनेछ ।

२०९. कर्मचारीहरुको योग्यता, क्षमता, कार्यदक्षता,सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाई राख्न आवश्यक मापदण्ड बनाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा कार्यसम्पादनमा आधारित सुविधा उपलब्ध गराउने नीति लिइनेछ।

२१०. कार्य सम्पादनको आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीति लिईनेछ साथै सेवाहरुको सूचकको आधारमा उत्कृष्ट वडा कार्यालय छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

२११. कर्मचारीहरुलाई कार्यानुभवको लागि अन्तर शाखा तथा एक स्थानबाट अर्को स्थानमा जिम्मेवारी दिई खटन पटन गर्ने नीति लिइनेछ।

२१२. गाउँपालिकाको विभिन्न विषयगत शाखा तथा वडा कार्यालयहरुबाट सम्पादित कार्यहरुलाई थप प्रभावकारी बनाउन कर्मचारीहरुको मासिक प्रगती समिक्षा गरिनेछ ।

२१३. गाउँपालिकाबाट खरिद गरिने वस्तु तथा सेवाहरुलाई खरिद गुरुयोजनाका आधारमा प्रचलित ऐन, नियम, कानून बमोजिम पारदर्शी रुपमा खरिद गर्ने व्यवस्था मिलाइनेछ।

२१४. सुशासन र आर्थिक अनुशासन कायम गर्न अघिल्लो महिनामा भए गरेका क्रियाकलाप र आर्थिक कारोबारको बारेमा कार्यपालिकाको बैठकमा छलफल तथा समिक्षा गर्ने व्यवस्था मिलाईने छ।

२१५. गाउँपालिकाको सम्पत्तीतथा सार्वजनिक सम्पत्तीलाई कम्प्युटराईज अभिलेख तयार गरी त्यसको उचित उपयोग, संरक्षण तथा संवर्द्धन गरिनेछ।

२१६. नागरिकको सुविधालाई ध्यानमा राखी एकीकृत घुम्ति सेवा संचालन गरिनेछ।

२१७. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथाअध्ययन अवलोकन भ्रमणका कार्यक्रम राखिनेछ।

२१८. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी सामाजिक विवादहरुलाई मेलमिलापको माध्यमबाट समाधान गर्नेकार्य गरिनेछ ।

२१९. गाउँपालिका क्षेत्र भित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गको सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषणलाई गाउँपालिकाको समृद्धि र वृहत्तर विकासमा समाहित गर्दै लगिनेछ।

२२०. विभिन्न सामाजिक संघ/संस्था, कृषक, विद्यार्थी, पत्रकार, खेलाडी, उपभोक्ता समिति, टोल विकास संस्थालाई कार्य सम्पादनको मूल्यांकन गरी प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्था मिलाइनेछ।

२२१. गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी, सामुदायिक संस्था, दातृ निकायएवंसरोकारवाला संस्थाहरुले गाउँपालिकाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२२२. संघीयता तथा विकास प्रशासनको अनुभव आदान-प्रदान गर्न देश तथा विदेशका निकायहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ।

२२३. गाउँपालिकाको समानुपातिक विकासका लागि वडाको भूगोल, जनसंख्यार आन्तरिक आम्दानीको आधारमा आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ।

२२४. गाउँपालिकाको वास्तविक वस्तुस्थितिको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण गरिनेछ।

२२५. गाउँपालिकामा भू–उपयोग नीति सहितको दीर्घकालीन एकिकृत शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२२६. सूचनाको पहुँच नागरिकस्तरसम्म पुऱ्याउन स्थानीय संचार माध्यमहरुसँग समन्वय गर्दै संचार संस्थाहरुसँग सहकार्य गरिनेछ।

२२७. सुरक्षित र गुणस्तरीय खाद्यवस्तुको उपलब्धताका लागि परिवर्तित मूल्यसूची, गुणस्तरीय खाद्यवस्तुको विक्री वितरण, म्याद गुज्रेका र अखाध्य पदार्थको विक्री वितरणमा पूर्ण रुपमा नियन्त्रण गर्न गाउँपालिकाबाट नियमित रुपमा बजार अनुगमन तथा चेकजाँचको आवश्यक व्यवस्था मिलाईनेछ।

२२८. गाउँपालिकाका सबै वडा कार्यालयहरु र वडा कार्यालयको नजिकै रहेका मुख्य व्यापारिक क्षेत्र तथा संवेदनशील स्थानहरुमा जडान गरीएका CCTV मर्मत संभार तथा Upgrade सम्बन्धी कार्य गरिनेछ ।

२२९. गाउँपालिकाका कृषक, विपन्न नागरिक,असहाय नागरिकहरुको तथ्याङ्क संकलन गरी अनुदान तथा आर्थिक सहायताका कार्यक्रमहरु व्यवस्थित रुपले संचालन गरिनेछ।

२३०. शिक्षा,स्वास्थ्य, कृषि, पशुपालन उद्योग, सौर्य उर्जा, विद्युत आदि क्षेत्रसँग गाउँपालिकाको हित अनुकूल सार्वजनिक, निजी साझेदारी (PPP) मा काम गर्ने नीति लिईनेछ।

२३१. जनता, राजनीतिक दल, जनप्रतिनिधि र कर्मचारीको सुमधुर सम्बन्ध स्थापित गर्दै विधिको शासन मार्फत नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाउँदै सुशासन कायम गरिनेछ।

२३२. वित्तिय अनुशासन कायम गर्दै असारे विकासलाई निरुत्साहित गर्न बैशाख महिनापछि कुनै पनि योजनाको सम्झौता नगर्ने नीति लिइने छ।

२३३. गाउँपालिकाबाट उपलब्ध गराउने आर्थिक सहायतालाई पारदर्शी र वास्तविक पिडितलाई उपलब्ध गराउन रोगको वर्गिकरण सहितको कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ र यसरी आर्थिक सहायता उपलब्ध गराएका नागरिकको विवरण गाउँपालिकाको वेबसाईट मार्फत सार्वजनिक गरिनेछ।

२३४. गाउँसभाबाट स्वीकृत बजेटतथा कार्यक्रमहरुको नियमानुसार प्रत्येक आर्थिक वर्ष महालेखा परीक्षकको कार्यालयबाट लेखापरिक्षण गराई देखिन आएको बेरुजु सम्परीक्षण गरी आर्थिक अनुशासन कायम गरिनेछ।

२३५. गाउँपालिकामा रहेका सार्वजनिक सम्पत्तीहरुको खोजी गरी त्यस्ता सम्पत्तीको अतिक्रमण, दुरुपयोग गरेको पाईएमा गाउँपालिकामा गोप्य रुपमा सुराकी दिने व्यक्तिलाई आवश्यक पुरस्कार दिने व्यवस्था मिलाईनेछ ।

यस नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सहयोग गर्नुहुने उपाध्यक्ष सहितसम्पूर्ण कार्यपालिका सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, गाउँपालिकाका विद्वत वर्गहरु, हामीलाई विभिन्न क्षेत्रबाट रायसुझाव उपलब्ध गराउनु हुने व्यक्तित्वहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, पत्रकार र सम्पूर्ण गाउँपालिकाका नागरिकहरुलाई हार्दिक धन्यबाद् दिँदै यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा हरपल साथ सहयोग र सहकार्य गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै बिदा हुन चाहन्छु।

धन्यबाद, नमस्कार। जय रुरुक्षेत्र

यदु ज्ञवाली
अध्यक्ष

मिति २०८१।०१।२८ गते